वर्ष १९ | अंक २८५ | नेपाल संवत् ११४१ | २०७८ असार २७ गते आइतबार | 11 July 2021 | पृष्ठ ४ | मूल्य रु. १०




एउटै पढे पुग्छ
# समाधान
samadhannews.com
राष्ट्रिय दैनिक




## ‘कांग्रेस सरकारले भ्रष्टाचार अभियान सुरु गर्‍यो’




### बहुवर्षीय आयोजनाअघि नबढाउन बाहानाबाजी गरिएको तर्क

**अनिष भट्टराई**
पोखरा, २६ असार

गण्डकी प्रदेशका संस्थापक मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले कांग्रेस नेतृत्वको सरकारले भ्रष्टाचार सुरु गरेको आरोप लगाएका छन् । नेकपा एमाले संसदीय दल, गण्डकीको शनिबारको पत्रकार सम्मेलनमा बोल्दै गुरुङले कांग्रेस सरकारको सुरुआत भ्रष्टाचारबाट भएको बताए । ‘गैरबजेटरी खर्च गर्नु भ्रष्टाचारको सुरुआत हो, उहाँहरुले सुरुवात गरिसक्नु भयो,’ गुरुङको भनाइ छ । चालु आर्थिक वर्ष सकिन १५ दिन बाँकी रहँदा कांग्रेस नेतृत्वको सरकारले १६ करोड रुपैयाँ रकमान्तर गरेको तथ्य बाहिरिएको थियो ।

यसअघि गण्डकी प्रदेश सरकारका प्रवक्ता तथा सामाजिक विकास मन्त्री कुमार खड्काले गुरुङ नेतृत्वको सरकारले जाँदाजाँदै ४ अर्ब ५१ करोड रकमको ठेक्का प्रक्रियाअघि बढाएको आरोप लगाएका थिए । ठेक्का प्रक्रिया सुरु गरे गण्डकी प्रदेशमा बजेट नै बाँकी नरहने उनको तर्क थियो ।

मन्त्री खड्काको अभिव्यक्तिलाई पृथ्वीसुब्बा गुरुङले सरासर झुठ रहेको बताए । वर्तमान सरकारले पूर्ववर्ती सरकारका बहुवर्षीय योजनालाई अघि नबढाउन बहानाबाजी गर्दै यस्ता तर्क दिएको उनले बताए । सरकारको नेतृत्व परिवर्तन भएपनि लक्ष्य एउटै भएकाले यसअघि सुरु भएका बहुवर्षीय योजनालाई निरन्तरता दिन गुरुङले आग्रह गरे । ‘उहाँहरु पुराना योजनालाई अघि बढ्न नदिन बहानाबाजी गर्दै हुनुहुन्छ, सरकार परिवर्तन सामान्य कुरा हो । पात्र मात्र भिन्न हुने हो, लक्ष्य हामीसबैको एउटै हो,’ गुरुङले भने ।

यसअघिको सरकारले दिगो विकासका लक्ष्य, अल्पकालीन, मध्यकालीन योजना पूरा गर्ने गरी कार्यक्रम अघि बढाएकाले ती योजनालाई बीचमै नछाड्न गुरुङको सुझाव थियो । ‘कार्यान्वयनका चरणमा रहेका बहुवर्षीय योजनालाई नकाट्न आग्रह गरेको थिएँ, बीचमै ती योजनालाई छाडिदिए हाम्रा लक्ष्य कहाँ पुग्छन् ?’ उनको प्रश्न छ ।

गुरुङ सरकारले जाँदाजाँदै अर्बौंको ठेक्का लगायो भन्नु सफेद झुठ रहेको गुरुङको तर्क थियो । बहुवर्षीय योजनालाई एकसाथ टेन्डर प्रक्रियामा लैजाँदा धेरै बजेट एकसाथ आवश्यक पर्ने र बजेट अपुग हुने भएकाले खण्ड-खण्डमा लगिएको उनी बताउँछन् । ‘अर्बौंका ठेक्का एकसाथ कार्यान्वयन गर्दा अरु योजना प्रभावित हुन्छन् । त्यसकारण खण्ड-खण्ड बनाएर गरेका थियौं । जाँदाजाँदै अर्बौंको टेन्डर गरेको आरोप लगाइएछ । विकास बच्चाको खेल होर ?’ उनी कड्किए । आफ्नो नेतृत्वको सरकारले गरेका केही गलत काम भए सार्वजनिक गर्न उनको चुनौती थियो ।

अहिलेको सरकारले अँध्यारो कोठामा बसेर शासन गरेको उनको आरोप छ । ‘वान म्यान क्याबिनेट’ बनाएर अँध्यारो कोठामा बसेर शासन गरेको र सत्ता साझेदार दलहरुलाई झुक्याउने दाउ खोजेको गुरुङले बताए । ‘दाउ हेरिरहेको देखिन्छ, कांग्रेसले । क्याबिनेट कलेक्टिभ हुनुपर्ने हो, वान म्यान सो बनाइएको छ । अँधेरो कोठामा बसेर षडयन्त्र गरिएको छ,’ उनले भने ।

नेकपा एमाले संसदीय दलले पनि कांग्रेस सरकारले लगाएको आरोप झुठ भएको बताएको छ । ‘आफूहरुले गैरबजेटरी खर्च गर्न असारको अन्तिममा आएर हतारहतार १६ करोड रुपैयाँभन्दा बढी रकमान्तर गरी कार्यकर्ता पोस्न गरेको कामको ढाकछोप गर्न उहाँले त्यस्तो आरोप लगाउनुभएको प्रष्ट नै छ,’ एमाले संसदीय दलले बताएको छ ।

पूर्व भौतिक पूर्वाधार मन्त्री तथा गुरुङ सरकारका प्रवक्ता रामशरण बस्नेतले वार्षिक विकास कार्यक्रममा भएका योजनालाई ठेक्का प्रक्रियामा लगेपनि कांग्रेस सरकारले गलत रुपले व्याख्या गरेको बताए । मन्त्री खड्काले वार्षिक विकास कार्यक्रममै नभएका कार्यक्रमलाई ठेक्का लगाएको आरोप झुठ रहेको बस्नेतले बताए । उनले ती योजनाहरु वार्षिक विकास कार्यक्रम पुस्तिकाका कुनकुन पेजमा छन् भनि सार्वजनिक पनि गरे । ‘भौतिक पूर्वाधार विकास मन्त्रालयले प्रकाशन गरेको वार्षिक विकास कार्यक्रम पुस्तिकामा ती योजना प्रकाशित छन्,’ उनले भने, ‘ ती योजनाको सूचना हाम्रो सरकार जानेबेला भन्दा धेरैअघि सूचना निस्किएको हो भन्ने प्रष्ट पार्दछौं ।’

## खानेपानीको कामले अस्फाल्ट पिचमा ढिलाइ

**सञ्जय रानाभाट**
पोखरा, २६ असार

विगतका वर्षका बर्खा याममा पोखराका अधिकांश ठाउँमा सडकमा खाल्डा हुन्थे । गत स्थानीय तह निर्वाचनमा पोखरा महानगर प्रमुखको उम्मेदवार हुँदै मानबहादुर जिसीले सडक सुधारलाई चुनावी एजेन्डा बनाए । चुनाव जिते पनि । तर उनको आधा कार्यकालसम्म पनि सडकले रुप फेर्न सकेन ।

३ वर्षसम्म गति नलिएको सडक निर्माणले ६ महिनाअघि भने एकाएक गति लियो । पोखरामा नयाँ प्रविधि अर्थात् अस्फाल्टमार्फत् पिच गर्न थालियो । हिलाम्मे हुने सडक अहिले चिल्ला देखिन्छन् । यसपछि भने पोखरा महानगरका प्रमुख जिसीले केही स्याबासी पाए । ‘३ वर्षसम्म गाली खाइयो, अब २० वर्ष ढुक्क हुने गरी सडक बनेका छन्,’ अस्फाल्ट आएपछि प्रफुल्लित हुँदै जिसीले भनेका थिए ।

जिसीले अझै खुसी बाँड्न पाउँथे होलान्, जब न्युरोडकै जस्तो अस्फाल्ट पिच अन्त पनि हुन्थ्यो । हुनेवाला पनि थियो । तर अहिले भएको छैन । कारण– खानेपानी संस्थान अन्तर्गत भइरहेको कामले महानगरपालिकाले निर्माण गर्ने भनेको अस्फाल्ट पिचको काममा भाँजो हालेको छ ।

योजनाअनुसार काम भइदिएको भए अहिलेसम्म महेन्द्रपुल, नयाँबजार, रानीपौवा, केआइसिंहपुलसम्मका सडकमा अस्फाल्ट पिच भइसक्थ्यो । ती सडकमा अस्फाल्ट गर्ने ठेक्का पाएको निर्माण कम्पनी इलाइट कन्स्ट्रक्सनका राजु रानाभाट भन्छन्, ‘खानेपानीले जताततै खाल्डामात्रै खनेको छ, हामीले पिच गर्न पाएका छैनौं ।’

अहिलेसम्म ४ प्रतिशतमात्र काम सकिएको रानाभाट बताउँछन् । न्युरोडदेखि चिप्लेढुंगा र रानीपौवाको केही भाग गरी जम्मा ४ प्रतिशतमात्र काम सकिएको हो । खानेपानी परियोजनाका कारण अपेक्षित काम हुन नसकेको रानाभाटले बताए । ‘केही ठाउँमा काम सम्पन्न भएपनि खानेपानी परियोजनाका कारण हामीहरुलाई काम गर्न अप्ठेरो पर्‍यो,’ उनले भने, ‘खानेपानीको पाइप लगायत टंकी बनाउने कामले गर्दा ढिला भएको हो ।’


**महेन्द्रपुलमा खानेपानीको पाइप बिच्छ्याएर पिच हुन बाँकी सडक।**
*तस्बिर : सञ्जय/समाधान*

पोखराभित्रका सडक मर्मत गर्न महानगर, प्रदेश सरकार र सडक विभागले संयुक्त लगानीमा २७ किलोमिटर अस्फल्ट पिच गर्ने निर्णय गरेका थिए । गण्डकी प्रदेश सरकारले पृथ्वीचोकदेखि जिरोकिलोमिटर, लेकसाइड हुँदै मुस्ताङचोकसम्मको सडक अस्फाल्ट गरिसकेको छ । सडक विभागले राष्ट्र बैंक चोकदेखि नयाँ बजार र नयाँ बजारदेखि महेन्द्र पुलसम्मको सडक अस्फाल्ट गर्ने योजना हो ।

यसमध्ये अमरसिंह चोकदेखि हस्पिटल चोक, न्युरोडदेखि महेन्द्रपुल हुँदै केआइसिंह पुल, केआइसिंह पुलदेखि महेन्द्रगुफासम्मको ९ किलोमिटरको सडक महानगरले अस्फाल्ट गर्ने योजना बनायो । महानगरले इलाइट कन्सट्रक्सनसँग सडक निर्माणका लागि सम्झौता गरेर काम सुरु गर्‍यो । तर सँगसँगै खानेपानीको काम पनि सडकमै भइरहँदा अस्फाल्टको काममा अवरोध पुगेको छ ।

### खानेपानी परियोजनाको ५१ प्रतिशत काम सकियो, दसैंअघि नै असफाल्टको काम सक्ने लक्ष्य

पोखरामा जापानी सहयोग नियोग (जाइका)ले खानेपानी वितरण सुधार परियोजनाका लागि काम गरिरहेको छ । खानेपानीको समस्यालाई परिपूर्ति गर्न नेपाल सरकारलाई ४ अर्ब ५२ करोड अनुदान जाइकाले सहयोग गरेको थियो । २०१९ सालबाट सुरु भएको आयोजनामा ढिलाइ हुँदा अर्को ठूलो आयोजना असफाल्ट पिच पनि ठप्प भएको हो ।

नेपाल खानेपानी संस्थानका इन्जिनियर सन्तोषकुमार दास अहिले केही कामदार कम भएपनि कामदार थपेर छिटो सक्ने गरी काम गरिएको बताउँछन् । कोरोना भाइरसका कारण लगाइएको पहिलो लकडाउनमा खानेपानीको काम ९ महिना रोकिएको थियो । दोस्रो लकडाउनमा केही कामदार घटेकाले समस्या आएको उनले बताए ।

पहिलो लकडाउनका बेला आयोजनाले केबल मर्मतसम्भारको काम मात्र गरेको थियो । दोस्रो लकडाउनमा आयोजनाका २ सय कामदार कम भएका छन् । ‘यो लकडाउनमा काम रोकिएन । फुलफेजमा काम गर्दा ४/५ सय मान्छे हुन्थे । अहिले ३ सय मान्छेले काम गरेको अवस्था हो, अब छिट्टै मान्छे थप्दै छौं,’ उनले भने ।

खानेपानीको अहिलेसम्म ५१ प्रतिशत काम सकिएको छ । यसका लागि जाइकाले अन्य निकायसँग पनि समन्वय गरिरहेको दास बताउँछन् । पाइपलाइनको ४० प्रतिशत, फूलबारी, कोलपाटन र पर्स्याङमा रहेका रिजरभेसनको ८० प्रतिशत र ट्रिटमेन्ट प्लान्टको ७० प्रतिशत काम सकिएको दासले जानकारी दिए ।

## धम्क्याउँदै चन्दा असुल्ने विप्लवका बास्तोला पक्राउ



पोखरा, २६ असार (समाधान)- बमले उडाइदिने धम्की दिँदै रकम असुलमा सक्रिय रहेको अभियोगमा नेत्रविक्रम चन्द ‘विप्लव’ नेतृत्वको नेकपाका वैकल्पिक केन्द्रीय सदस्य प्रकाश बास्तोला पक्राउ परेका छन् ।

सरकारसँग वार्ता र सहमति गरी नेकपा खुला राजनीतिमा आएको हो । विभिन्न व्यक्ति र व्यवसायीलाई धम्क्याउँदै ठूलै रकम माग गरेको उजुरी परेपछि उनलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्त डिएसपी सुभाष हमालले समाधानलाई बताए ।

कास्कीको रुपा गाउपालिका ३ टाकाम्जा घर भएका २६ वर्षीय बास्तोला शनिबार साँझ पोखरा रंगशाला गेट अगाडिबाट पक्राउ परेका हुन् । उनलाई जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमा राखिएको छ ।

प्रहरी प्रवक्ता हमालका अनुसार उनी धम्क्याएर रकम असुलीका पटके अभियुक्त हुन् । अहिले पनि ४-५ जनाले प्रमाणसहित उजुरी दिएकाले पक्राउ गरेको हमालले बताए । उनी एक्लै छन् कि गिरोह नै सक्रिय छ भन्ने खोजिने उल्लेख गर्दै हमालले आइतबार म्याद थपेर अनुसन्धान गरिने जानकारी दिए ।

## आजबाट बजेटमाथि छलफल

### समय अपुग भए पनि एमालेका २७ सांसदले नै छलफलमा भाग लिने पृथ्वीसुब्बाको दाबी

**समाधान संवाददाता**
पोखरा, २६ असार

गण्डकी प्रदेश सभामा आइतबारबाट बजेटमाथिको छलफल सुरु हुँदै छ । आर्थिक वर्ष २०७८/७९ का लागि मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले ल्याएको बजेटमाथि छलफल हुन लागेको हो । आइतबार बिहान ११ बजेबाट सभागृहस्थित प्रदेशसभा भवनमा छलफल सुरु हुँदै छ ।

सरकार गठनको तेस्रो दिनमै मुख्यमन्त्री पोखरेलले बजेट प्रस्तुत गरेका थिए । बजेट प्रस्तुतिको १ दिनपछि नै सामान्यत: बजेटमाथि छलफल सुरु हुने प्रचलन रहे पनि गण्डकीमा भने २६ दिनपछि मात्र बजेट छलफल सुरु हुन लागेको हो ।

बजेट भाषण मुख्यमन्त्री पोखरेल स्वयंले नै गरेका थिए । अर्थमन्त्रीले बजेट भाषण गर्ने प्रचलन रहे पनि अर्थमन्त्रीको जिम्मेवारी नटुंगिएकाले पोखरेलले नै बजेट भाषण गरेका थिए । बजेट भाषणलगत्तै सदन ३ दिनलाई स्थगित भएको थियो ।

४ असारको बैठकमा मुख्यमन्त्री पोखरेलले विश्वासको मत प्राप्त गरेपछि सभामुखले अनिश्चितकालका लागि बैठक स्थगित गरेका थिए । त्यसयता सदन बसेको छैन । बजेट छलफलले सत्ता किचलोका कारण असारको अन्त्यमा समय पाएको हो ।

पोखरेल २९ जेठमा संविधानको धारा १६८ (५) अनुसार मुख्यमन्त्री बनेका थिए । नेपाली कांग्रेस, माओवादी केन्द्र, जनता समाजवादी, राष्ट्रिय जनमोर्चा र १ स्वतन्त्र सांसदको साथमा मुख्यमन्त्री नियुक्त भएका पोखरेलले सोही दिन ४ जनालाई मन्त्री बनाएर सपथ लिएका थिए ।




कांग्रेसबाट कुमार खड्का, माओवादीकी मधुमाया अधिकारी, जनता समाजवादीका हरिशरण आचार्य र स्वतन्त्र सांसद दीपक मनाङेलाई मुख्यमन्त्रीले मन्त्रीको सपथ खुवाएका थिए । ४ मन्त्रीको जिम्मेवारी पनि लामो रस्साकस्सीपछि ११ असारमा मुख्यमन्त्रीले टुंगो लगाएका थिए । तर कार्यभार सम्हाल्ने दिन २ मन्त्रीले मात्र जिम्मेवारी स्वीकारे । २ ले खोजेको मन्त्रालय नपाएपछि कार्यभार सम्हालेनन् । कुमार खड्काले सामाजिक विकास मन्त्रालय र मधुमाया अधिकारीले स्वास्थ्य मन्त्रालय सम्हालेका छन् । हरिशरण आचार्य र दीपक मनाङेले खोजेको मन्त्रालय नपाएपछि जिम्मेवारी सम्हालेनन् ।

मुख्यमन्त्री पोखरेल नेतृत्वको सरकारले आगामी वर्षका लागि ३० अर्ब ३ करोड ९४ लाख २७ हजार रुपैयाँको बजेट ल्याएको थियो । १३ अर्ब ६ करोड ४७ लाख चालुतर्फ र १६ अर्ब ७३ करोड ४६ लाख पुँजीगत तथा २४ करोड वित्तीय व्यवस्थापनतर्फ बजेट विनियोजन गरिएको छ । चालुतर्फ ४३.५ प्रतिशत र पुँजीतर्फ ५५.७ प्रतिशत, वित्तीय व्यवस्थापनमा ० दशमलव ८ प्रतिशत बजेट ल्याइएको हो । अघिल्लो आर्थिक वर्ष ३४ अर्ब ८४ करोड २१ लाख रुपैयाँको बजेट ल्याइएको थियो ।

नेकपा एमाले संसदीय दल गण्डकीले बजेट छलफलमा सशक्त ढंगले प्रस्तुत हुन आफ्ना सांसदलाई निर्देशन दिएको छ । शनिबार बसेको बैठकले बजेट छलफलमा आफ्नो धारणा राख्न र सशक्त ढंगले प्रस्तुत हुन निर्देशन दिएको एमाले सांसद धनञ्जय दवाडीले बताए । यसअघि नै नेकपा एमाले संसदीय दलको बैठकले आगामी आर्थिक वर्षका लागि सरकारले प्रस्तुत गरेको बजेट लिखित भाषणजस्तो भएकाले बजेटमाथिको छलफल हुन नसक्ने जनाएको थियो ।

एमाले संसदीय दलका नेता पृथ्वीसुब्बा गुरुङले बजेट छलफल ढिला गरी सुरु गर्नु षड्यन्त्र भएको बताएका छन् । असार मसान्तमा बजेट पास गराउनुपर्ने भएकाले अन्तिममा आएर छलफल सुरु गराउन लागिएको गुरुङले बताए । ‘एकदम छोटो समयमा छलफल सुरु गराउनु उहाँहरुको षड्यन्त्र हो, २९ गते कस्सो बोलाएनन्, धन्नै २७ गते बोलाए,’ गुरुङको भनाइ छ ।

अँध्यारो कोठामा योजना बनाएर सबै सांसदलाई बजेट छलफलमा भाग लिने समय अपुग हुने गरी ढिला सुरु गरिएको गुरुङले बताए । ‘घ्याप्घुरुप सक्ने प्लानिङ गर्नुभएको होला, हामी त २७ सांसद नै बोल्ने हो, हामी पर्याप्त छलफल गर्छौं,’ उनले भने । नीति तथा कार्यक्रम १२ बुँदाबाहेक सबै पहिलाकै सरकारको ल्याइएको दाबी गुरुङको छ । नीति कार्यक्रममै टेकेर बजेट नल्याइए चर्को आलोचना गर्ने गुरुङले बताए ।

## छात्रामाथि यौन दुर्व्यवहारको आरोपमा प्रअ पक्राउ

पोखरा, २६ असार (समाधान)- पोखरामा आफ्नै विद्यार्थीमाथि यौन दुराचारको आरोपमा प्रधानाध्यापक पक्राउ परेका छन् । पोखरा महानगरपालिका २२ को ओखलेडाँडा भुम्दिकोट माविका प्रधानाध्यापक विश्वराज बास्तोला बाल यौन दुराचार आरोपमा पक्राउ परेका हुन् ।

१५ वर्षीया छात्रामाथि उनले दुराचार गरेको आरोपमा बास्तोलालाई पक्राउ गरिएको कास्की प्रहरी प्रवक्ता सुवास हमालले बताए । हमालका अनुसार ती छात्रा पछिल्लो समय मानसिक समस्याबाट गुज्रिएकी थिइन् । उनलाई अभिभावकले पटक पटक अस्पताल लगे पनि शारीरिक अस्वस्थता भने नदेखिएपछि घरमै सोध्दा शिक्षकले दुर्व्यवहार गर्ने गरेको ती बालिकाले बताएको प्रहरी बताउँछ । ‘शारीरिक बिरामी केही रहेनछ । झोक्राउने मात्र गरेपछि अस्पताल लैजाँदा केही नदेखिएपछि फकाएर सोध्दा दुर्व्यवहारबारे बोलिछन्,’ हमालले भने । प्रअले दुर्व्यवहार गरेको बताएपछि परिवार र गाउँले मिलेर बास्तोलालाई कुटपिट गरेका थिए ।

बास्तोलामाथि कुटपिट भएको जानकारी पाएपछि छोरेपाटन प्रहरी गएर बास्तोलालाई गण्डकी मेडिकल कलेजमा उपचारका लागि लगेको थियो । बालिकाको परिवारसँग कुटपिटबारे सोध्दा दुर्व्यवहार भएको बताएपछि प्रहरीले जाहेरी दिन लगाएको थियो ।

बालिकाको परिवारले बुधबार प्रहरीमा बास्तोलाविरुद्ध जाहेरी दिएको थियो । जाहेरीमा आफूमाथि पटक पटक यौन दुर्व्यवहार भएको, प्रअले म्यासेजमा अश्लील सन्देश पठाउने गरेको उल्लेख छ ।

प्रअ बास्तोलालाई प्रहरीले पक्राउ गरी प्रारम्भिक बयानसमेत लिइसकेको छ । बयानमा बास्तोलाले दुर्व्यवहार नगरेको बताएको प्रहरीले जनाएको छ । ‘ बयानमा त मैले गरेको होइन भनेको छ,’ प्रवक्ता हमालले भने । बास्तोलामाथि बालयौन दुराचार मुद्दामा ७ दिन म्याद थप गरी अनुसन्धान भइरहेको छ ।

## सम्पादकीय

# मझेरीमा पाटन र विमानस्थल

विमानस्थल बनेको क्षेत्र पोखराको प्रख्यात कुँडहर फाँटको निथारको क्षेत्र हो । काँहुखोलाको दुई कुलाको मुहान मुन्तिरको सम्पूर्ण भूभागको निथार खस्ने ठाउँमा विमानस्थल बनेपछि अहिले त्यहाँ बाढीको समस्या आएको छ । खासमा भन्दा विमानस्थलको रनवेले एउटा बाँधको काम गरेको छ । यसले बर्खा यामको सम्पूर्ण भलबाढीलाई प्राकृतिक ठाउँबाट खस्न नदिई एकतर्फी बाटोबाट मात्रै निकास गरेको कारणले पोखरा १४ मझेरीपाटनका बासिन्दा बाढीको चपेटामा परेका छन् । कतिपयको घर नै जोखिममा परेको छ, कतिपयको जमिन । आउजाउ गर्न पनि दुर्गम गाउँका खोलानाला तर्नभन्दा बढी कठिन हुने गरेको छ । विमानस्थल निर्माण अघि कुँडहर फाँटको भल बाढी प्राकृतिक रुपमा फलेपाटनको खहरे, मजुवा खहरे, बिमिरे खहरे, कासी खहरे, लाङ खहरे, बाँये खोल्सी, ओखढढुँगे गरी ९ वटा विभिन्न ठाउँबाट निस्किने गर्थे । तर विमानस्थाल निर्माणपछि पानीका सबै प्राकृतिक बहाव क्षेत्र अबरुद्ध भए । नौ वटा खहरेमा पनि थामिन गाह्रो हुने गरेको पानीलाई एउटा खहरेको पानीसमेत नअट्ने कृत्रिम नहरमा हुलेपछि नहर फुटेर मझेरी पाटनको बस्ती तथा खेत डुबानमा परेको हो ।

कुँडहर फाँट आफैं मानव बस्तीमा परिरणत हुँदै गएको सन्दर्भमा बर्खाको पानी खेतका गह्रामा थुनिन र जमिन मुन्तिर पस्न नपाएपछि हरेक वर्षको भलबाढी झन्झन् ठूलो हुँदै गएको भुक्तभोगीहरु बताउँछन् । काँहुखोलाबाट आएको बाढीलाई निकास दिन बनाएको नहरलाई बन्द गरेर भएभरको सबै पानी मझेरी पाटनतिर आउने नहरतर्फ मात्रै पठाइदिएको हुनाले पनि विपत्तिमा टेवा पुगेको हो । सेती नहरको निकासबाट निस्कने गरी बनाइएको विजयपुर हाइड्रोले पनि अड्कलेर मात्रै पानी लैजाने गरेको छ । परियोजनाले भनेजस्तो यो सिँचाइको गल्ती होइन । समस्या सेतीको पानीले होइन, आकाशे पानीको भलले निकास नपाउँदा निस्केको हो ।

विमानस्थलले थुनेको सबै पानीलाई विद्यमान आकारको एउटै नहरबाट निकास दिनु सम्भवै छैन भन्ने कुरा पटकपटकका घटनाले देखाइसकेका छन् । सम्पूर्ण कुँडहरफाँटको पानी छेक्ने गरी बाँधको शैलीमा रनवे बनाएपछि यस्तो समस्या त भइहाल्ने भो । दुई कुलाको मुहानको निकासलाई पुन सञ्चालनमा ल्याउने, बाँये खोल्सीको प्राकृतिक निकासलाई नहरमा परिणत गर्ने, तथा अहिले विमानस्थलले बनाएको ड्रेनेजलाई कम्तीमा दोब्बर ठूलो बनाउने गरे मात्रै समाधान हुन सक्ला । आखिर मझेरीपाटनका बासिन्दाकै घरखेतमा विमानस्थल बनेको हो । विमानस्थल बन्नाले नै सयौंले खेत गुमाए, घर गुमाए । कैयौंको उठिबास नै लाग्यो । फेरि पनि विमानस्थलबाट मझेरीपाटनका बासिन्दा पीडित हुनु राज्यले उनीहरुमाथि गरेको ठूलो अन्याय हो । एक त विमानस्थलले मझेरीपाटनलाई मुख्य पोखरा बजारबाट अपायक बनाइदिएको छ । यो हिसाबको क्षतिपूर्ति दिनुको सट्टा दुखमाथि दुख थपिदिनु घोर अन्याय हो, उनीहरुले न्याय पाउनुपर्छ ।

## भोलिको पञ्चाङ्ग

श्रीसूर्य उत्तरायण, ग्रीष्मर्तु:, राक्षस नाम संवत्सर, श्रीशाके १९४३, सम्वत २०७८ साल आषाढ २८ गते सोमबार नेपाल सम्बत ११४१ दिल्लाथ्व तदनुसार सन् २०२१ जुलाई १२ तारिक शुक्लपक्ष द्वितीया तिथि विहान ७ वजेर १३ मिनेटसम्म, अश्लेषा नक्षत्र राती २ वजेर ५५ मिनेटसम्म, वज्रयोग, कौलवकरण, आनन्दादियोग सौम्य, सूर्य मिथुन राशिमा, चन्द्रमा राती २ वजेर ५५ मिनेटसम्म कर्कट उप्रान्त सिंह राशीमा ।

## राशिफल




वेदनिधि तिमिल्सिना
सम्पर्क : ९८५६०२६३९७
Gmail: gurupatrakar@gmail.com

- **मेष** ■ मन चञ्चल हुने,परिवारिक समस्या एवं खर्च बढ्ने ।
- **वृष** ■ काम गर्ने उत्साहा बढ्ने,काम फर्स्योट हुनेछन् ।
- **मिथुन** ■ संयमित भएर काम गर्दा राम्रो हुनेछ ।
- **कर्कट** ■ खर्चमा कमि आउने,गरेका काम सम्पन्न ।
- **सिंह** ■ दिन प्रतिकुल छ,जोखिम मोलेर काम नगर्नु होला ।
- **कन्या** ■ नोकरी तथा राजनीतिमा अवसर आउन सक्छ ।
- **तुला** ■ काममा सुधार,सामाजिक काममा सक्रियता बढ्ने ।
- **वृश्चिक** ■ मानसिक तनावमा थोरै कमि आउनेछ ।
- **धनु** ■ प्रतिकुल परिस्थितिको सामना गर्नु पर्ला ।
- **मकर** ■ दामपत्य जीवनमा सुख,नयाँ परिस्थितिको सृजना ।
- **कुम्भ** ■ भय आतुरमा काम नगर्नु होला विग्रिने छन् ।
- **मीन** ■ कुरा भन्दा काममा जोड दिनुहोला,अल्प लाभ हुनेछ ।

सेप्टी टंकी सफाई गर्नुपरेमा
सम्पर्क
9802815296
9802815293

# 'न्यायिक' अवसरको व्यग्र प्रतीक्षामा मुलुक



**युवराज घिमिरे**

सर्वोच्च अदालतले संसद विघटन सम्बन्धी मुद्दामा फैसला दिने मिति (असार २८) निर्धारण भएपछि मुख्य सबै दलहरुमा राजनीतिक गतिविधिहरु तीब्र भएका छन् । सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) भित्र एकतासँगै समानान्तर रुपमा एउटा पक्षले अर्कोलाई न्यून गर्ने खेल जारी छ ।

प्रधानमन्त्री तथा पार्टी अध्यक्ष केपी शर्मा ओली तथा असन्तुष्ट पक्षका नेता माधवकुमार नेपालबीच एकताका लागि दुई पक्षीय कार्यदलको बैठक फेरि हुन थालेका छन् । फरक यत्ति हो, यसपल्ट बैठकको नतिजा जे आए पनि तिनीहरुको प्रारम्भ सकारात्मक 'नोट' र 'अपेक्षा' का साथ आएको छ । यसो हुनुको पछाडिका कारण बुझ्न कठीन छैन ।

असार २१ अपरान्ह पाँच बजेसम्म ओली विरुद्धको याचिकाबाट नाम फिर्ता नलिए त्यसमा हस्ताक्षर गर्ने २१ नेताहरु पार्टीमा नरहने घोषणा गरेका ओलीका लागि 'वार्ता' अगाडि बढाउन झुक्नु आवश्यक थियो । माधव नेपालका लागि यो 'अवसर' थियो । अर्थात दुवैको स्वार्थ र अहंका लागि एउटा उपयुक्त मिलनविन्दु बनेपछि यो वार्ता शुरु भएको हो ।

तर, स्पष्ट रुपमा वार्तालाई नदेखिएका नियतहरुले डोऱ्याइरहेको सहजै बुझ्न सकिन्छ । सवोच्चको फैसला केही दिनमा आउने पक्का भए पनि प्रधानमन्त्रीको अघोषित नियन्त्रणमा रहेको निर्वाचन आयोगले आम निर्वाचनसँग जोडिएका केही निर्णय र पार्टी दर्ता लगायतका कार्यतालिकाहरु घोषित गरेको छ ।

मुद्दामा निर्णयको तयारीमा रहेको सर्वोच्चको इजलासमाथि आयोगको यो निर्णयको मनोवैज्ञानिक असर पर्ला नपर्ला, अर्को पक्ष हो । तर सरकार निर्वाचनमा अगाडि बढिसकेको सन्देश आयोगले दिएको छ । त्यत्तिमात्र हैन, ओलीसँग सहकार्य गरिरहेका या उनको नेतृत्व स्वीकारी माओवादी पार्टीबाट अलग भएका रामबहादुर थापा बादल लगायतका नेताहरुले पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको नेकपा (माओवादी) भंग गर्न निर्वाचन आयोग गुहारेका छन् ।

बाग्मती प्रदेशका केही प्रभावशाली नेताहरुको बैठकमा पनि बादलले माधव नेपाललाई सत्तोसराप गर्दै 'समाजवाद' ओली नेतृत्वकै एमालेले हासिल गर्ने 'नारावादी' राजनीति अघि बढाएका छन् ।

'सोमबार' को भाखाभित्र नेपाली कांग्रेसका नेता शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउने मागसहितको याचिकाबाट नाम फिर्ता नलिए पनि ओली झुकेकोमा प्रफुल्ल भएका माधव नेपालको चालबाजी पनि बुझिँदो छ । सर्वोच्चको फैसला आइसकेपछि त्यो मामिला स्वत 'इन्फ्रक्चुवस' (असान्दर्भिक) हुने छ राजनीतिकरुपमा ।

माधव नेपाल पक्षको माग अनुसार ओलीले एक पद (पार्टी अध्यक्ष) छोड्नु पर्ने भए पनि सर्वोच्च न्यायालयले संसद पुनर्स्थापना गरेमा उनले प्रधानमन्त्री पदबाट राजीनामा दिनुपर्ने, अनि पुनर्स्थापित संसदमा नेतृत्वको दावेदार बन्न नहुने शर्त थपिएको छ ।

उता राष्ट्रपति विद्यादेवी भण्डारीसँग पटकपटक राजनीतिक तथा दलीय मामिलामा परामर्शमा रहेका ओलीले 'निसर्त' एकताको याचना गरेका छन् । उनको ओरालो लागेको अवस्थामा यो हासिल हुने कुनै सम्भावना देखिँदैन ।

एकताको यो प्रयाससँगै एमाले र अर्कोतिर नेपाली कांग्रेसमा नीतिगत विषय तथा २०६३ को परिवर्तन या 'मुख्य उपलब्धि' बारे पनि समीक्षात्मक बहस हुन थालेका छन् ।

एमालेका नेता महेश बस्नेतले 'राष्ट्रिय पहिचान' को पक्षमा, र त्योसँगै संघीयता र 'धर्म निरपेक्षता' बारे समीक्षाको माग राखेका छन् । केन्द्रीय कमिटीमा बहसको माग पनि राखेका छन् उनले । यदि एमालेको संस्थागत विवेक र मान्यतामा यो माग संविधान तथा पार्टीको नीति विपरीत हो भने बस्नेतलाई तत्काल कारवाही गर्ने आधार बनेको छ ।

त्यसो नगर्नुले कमसेकम यी दुई विषयको समीक्षाबारे एमाले इच्छुक देखिएको अर्थ लाग्ने छ, कमसेकम नेतृत्व तहमा । महेश बस्नेत भन्दा पहिले त्यही विषयलाई पूर्वमन्त्री गोकुल बास्कोटाले उठाएका हुन् ।

आफ्नो सानो समूहसँगको अनौपचारिक छलफलमा त राष्ट्रपति भण्डारी र ओलीले पनि बस्नेत र बास्कोटाले उठाएका विषयलाई त्यही आसय र अर्थ लाग्ने गरी पहिले नउठाएका हैनन् । तर, सत्ता प्रधानताको राजनीतिमा मान्यता र विवेक अक्सर विचरा हुने गर्छ । नेपाल अपवाद छैन, त्यस अर्थमा । बरु त्यसको ज्वलन्त उदाहरण बनेको छ मुलुकको राजनीति ।

अहिलेसम्म प्रमुख प्रतिपक्षको हैसियतमा रहेको नेपाली कांग्रेसभित्रका गतिविधिहरु अझ रोचक छन् । भदौको मध्यमा महाधिवेशन गर्ने तयारीमा रहेको दलभित्र नीति हैन नेतृत्वमा को ? भन्ने छलफल भइरहेको छ । कोठे र समूहगत बैठक जारी छन् ।

शेरबहादुर देउवाले निरन्तरता खोजेका छन् । रामचन्द्र पौडेल, विमलेन्द्र निधि, प्रकाशमान सिंह, सशांक कोइराला, शेखर कोइराला तथा सुजाता कोइरालाले पनि उच्चतम तहको नेतृत्वमा इच्छा देखाएका छन् । तर, नेपाली राजनीतिको चरित्र अनुरुप नै उनीहरु मध्ये कसैले पनि देउवा भन्दा नीतिगत तथा कार्यशैलीका हिसाबले कसरी फरक होलान, स्पष्ट पारेका छैनन् ।

कोइराला परिवार भित्रको सहमति पछि तीनमध्ये कुनै एक उम्मेदवार बन्ने अड्कलबाजी पनि तीव्र छ । तर, कोइराला परिवार पनि सैद्धान्तिक रुपमा एउटै छैन । यी तीनले अहिलेसम्म आफूलाई बिपीको अनुयायी नभएर गिरिजा प्रसाद (जिपी) का अनुयायीका रुपमा प्रस्तुत गरिसकेका छन् ।

जिपीले प्रतिबद्धताबाट नभएर पदीय र सत्ता लोभका कारण बिपीको सिद्धान्तबाट नेपाली कांग्रेसलाई अलग गरे र नेपाली कांग्रेसलाई कम्युनिष्ट पार्टीमाथि आश्रित बनाए ।

अहिले प्रचण्ड र माधव नेपाल नै ओलीको विकल्पका रुपमा स्थापित हुनु र देउवाका लागि प्रधानमन्त्री बन्न उनीहरुको समर्थन र आशिर्वाद आवश्यक पर्नुले जिपी कांग्रेसको हैसियत र यथार्थ स्पष्ट पारेको छ । जिपी कांग्रेस १२ - बुँदेको उपज हो, ऊ स्थापनाकालेखिको नेपाली कांग्रेसको सिद्धान्तको लाशको जगमा उभिएको छ ।

शेखर कोइरालाका लागि १२ - बुँदे तथा जिपी कांग्रेसको प्रतिनिधि अनुहार नै प्राण शक्ति हो । सुजाता फरक हुने कुरै भएन । सशांकले बिपीको नामले नेपाली कांग्रेसको निर्वाचनमा के अर्थ राख्छ, बुझेको भए पनि विपीको सिद्धान्त बोक्दा झेल्नु पर्ने जोखिमबाट उनी तर्सिएको देखिन्छन् ।

तर, नेपाली कांग्रेसले अहिलेको महाअधिवेशन पूर्व केही विषय र नीतिगत मद्दामा निर्णयमा पुग्नै पर्ने देखिन्छ । गत : महाधिवेशन यता करिब ५० हजार सक्रिय सदस्यहरुले आफ्नो सदस्यता नवीकरण गर्न चाहेनन् । तिनीहरु मध्ये केहीको निधन भएको छ, तर, नवीकरण नगर्नेहरुमा राजनीतिक चेत र नीतिगत स्पष्टताको चाह राख्नेहरु अधिक छन् ।

विपीको राष्ट्रियता र प्रजातन्त्रको अवधारणाप्रति उनीहरुको आस्था छ । तर वर्तमान नेतृत्व त्यसप्रति उदासीनमात्र हैन, नकारात्मक पनि देखिन्छ । सदस्यता नवीकरण नगर्नेहरुमा ठूलो संख्या शिक्षकहरुको पाइएको छ । यो आफैमा एउटा सन्देश हो नेतृत्वका लागि । साथै त्यो सँगै नेपाली कांग्रेसभित्र बिपीलाई नै आफ्नो नेता मान्दै आएको, तर केही हतोत्साहित र छरिएको समूह छ । त्यो समूहका लागि केही गर्ने या कांग्रेसको क्रमिक विघटनको निरीह साक्षी बन्ने विकल्प मात्र उपलब्ध छ ।

१२ बुँदेपछि नेपालको आन्तरिक राजनीतिमा पूर्णतया सामूहिक आत्मनिर्णयको अधिकार गुमेको, परिचालित नीति र नेतृत्व मुलुकमा हावी भएको दक्षिण र पश्चिमा प्रतिको समर्पणका कारण छिमेकीसँगको सम्बन्धमा असन्तुलन पैदा भएको, मुलुकमा राष्ट्रिय एकताका मान्यता र प्रतीकहरु विरुद्ध बाह्य षडयन्त्र सफल भएकाले बिखण्डनवादी प्रवृत्ति उत्साहित भएको र विद्यमान निषेधको राजनीतिले यी कु-प्रवृत्तिहरु अझै

> विचारले राजनीतिलाई उचित दिशा र गन्तव्य दिन्छ, तर विचारशक्ति कमजोर भएमा लक्षित गन्तव्य टाढिँदै जान्छ । राष्ट्रले भोगेको दिशाविहीन यात्रा र बाहिरी शक्तिले लादेका परिवर्तनलाई स्वीकार गर्नु पर्ने बाध्यताका आफ्नै परिणामा होलान् ।

झ्यांगिनेबारे उनीहरु स्पष्ट छन् ।

तर, सामूहिकरुपमा उनीहरुको यी चिन्ता र चासोलाई सम्बोधन गर्ने गरी पार्टीभित्र प्रभावकारी भूमिकाका लागि कुनै औपचारिक या अनौपचारिक समूह निर्माण गर्न सकेका छैनन, या त्यो पहल नै गरेका छैनन्, उनीहरुले ।

केबी गुरुङ, तारानाथ रानाभाट, देवेन्द्रलाल नेपाली, गोविन्दराज जोशी, लक्ष्मण घिमिरे, विपीन कोइराला र मुलुकका विभिन्न भागमा छरिएका उनीहरुका विचारसँग सामञ्जस्यता राख्नेहरु राजनीतिमा भन्दा पलायन उन्मुख देखिन्छन् ।

५० हजार सदस्यहरुले सदस्यता नवीकरण नगर्नुमा यो वैचारिक समूह सक्रिय र संगठित रुपमा अघि बढ्न नसक्नु पनि एउटा मुख्य कारण हो । देवेन्द्र कँडेल र शंकर भण्डारी जस्ता नेताहरु आफ्ना क्षेत्रमा केही हदसम्म सक्रिय छन् भने गुरुराज घिमिरे तथा लोकेश ढकालहरु सञ्चार र सामाजिक सञ्जालसँगको अन्तर्क्रियामा सीमित छन् ।

विचारले राजनीतिलाई उचित दिशा र गन्तव्य दिन्छ, तर विचारशक्ति कमजोर भएमा लक्षित गन्तव्य टाढिँदै जान्छ । राष्ट्रले भोगेको दिशाविहीन यात्रा र बाहिरी शक्तिले लादेका परिवर्तनलाई स्वीकार गर्नु पर्ने बाध्यताका आफ्नै परिणामा होलान् ।

माओवादी र २०६२ - ६३ मा भारत सरकार बीचको सहकार्य यति सजिलैसँग नेपालमा लादिनुको कारण नेपाली कांग्रेसको समर्पणवादी चरित्र र बिपीको नाम लिँदै उनलाई मरणोपरान्त सैद्धान्तिक र राजनीतिक हत्या गर्ने नेपाली कांग्रेस (जिपी) को नीति नै हो ।

त्योसँगै सशक्त प्रतिरोध नगर्ने त्यस भित्रको कथित वैचारिक समूह त्यो भन्दाबढी जिम्मेवार छ निकै हदसम्म । नेपालको यही राजनीतिका कारण मुलुकमा हुने आर्थिक लगानी र परियोजना निर्माण उसको आवश्यकता भन्दा दाताहरुको निगाहमा आएको 'दान' बन्न पुगेको छ ।

राजनीतिमा आन्तरिक स्वायत्तता गुम्दा त्यसको प्रभाव आर्थिक उत्पादन, बाह्य पूँजी निवेश तथा मुलुकको अन्तर्राष्ट्रिय छविमा पनि पर्छ नै ।

अर्को दल जनता समाजवादी पार्टी विभाजनको संघारमा छ । तर, के कारणले यो दल त्यो विन्दुमा पुगेको छ ? नेपाली स्वार्थलाई उनीहरुले प्रतिनिधित्व गरेका छन् त ? उनीहरुको पनि परीक्षण हुने छ ।

१२ - बुँदेकै 'बाइप्रडक्ट' यो समूह पनि अहिले विभाजित छ र त्यसका दुवै समूहले बाहिरका अभिभावक र दाताहरु छानेका छन् आफ्नो राजनीति सञ्चालनमा । महन्थ ठाकुर, राजेन्द्र महतोको ओलीसँगको राजनीतिक सहवास, अर्कोतिर गौर नरसंहारको पृष्ठभूमि बिर्सेर उपेन्द्र यादव तथा बाबुराम भट्टराईको सहकार्यबाट प्रजातन्त्र र राजनीतिक स्थायित्व उपेक्षा गर्नु भूल हुने छ ।

गौर हत्याकाण्डका क्रममा मारिने समूहका नेता भट्टराईले 'ऐया' समेत नभनी अहिले आएर यादवसँग गर्दन जोड्नु परेको छ । बाध्यताको राजनीति दासत्व र बाह्य जगतको खटनको स्वाभाविक परिणति हो ।

उता एमालेभित्र संघीयता र धर्म निरपेक्षताबारे उठेका बहस र गत महाधिवेशनमा नेपाली कांग्रेसका ८०० भन्दा बढी प्रतिनिधिहरुले 'हिन्दु राष्ट्र' को पक्षमा हस्ताक्षर संकलन गरेको पत्रलाई 'हिन्दु कट्टरवाद' को यात्राका रुपमा नहेरियोस् भनी प्रस्तावकहरु सचेत हुनु आवश्यक छ ।

'डलर' को खोलो बगाएर 'धर्म परिवर्तन' लाई धर्म निरपेक्षताको पर्यायका रुपमा स्थापित गर्ने अभियानमा लागेका दाताहरु र तिनीहरुबाट पालित, पोषित र दीक्षितहरुको बाहुल्य छ दुवै पार्टीमा ।

नेपाली आन्तरिक मामिलामा 'आत्मनिर्णय' को अधिकारको लागि सम्बन्धित पार्टीहरु या पक्षमा दबाब बढेपछि १२ - बुँदे द्वारा स्थापित भौतिक र मानसिक तथा राजनीतिक दासत्वको बन्धनबाट नेपाल मुक्त हुनसक्छ, र हुनै पर्छ ।

र खासगरी सामाजिक सञ्जालमा 'बेनामी' हरुको 'प्रोपागान्डा विग्रेड' विदेशी उक्साहट र निषेधको राजनीतिको प्रयोगबाट ल्याइएका परिवर्तन र अग्रगामी भनिएका 'उपलब्धि' हरुबारे अन्तिम निर्णय नेपाली जनताकै हुनु पर्छ भन्ने प्रजातान्त्रिक मान्यता बोकेकाहरु विरुद्ध खनिने छन् । त्यो स्वाभाविकै हो । संसदमा एउटा निर्वाचनमा जित हासिल गरेकै आधारमा अधिनायकवादी शैली सत्ताधारी दलले अपनाएको देखिएको छ ।

भागवण्डा मिल्दासम्म 'अग्रगमन' का नाममा सबै दलहरुले निषेधको राजनीति अपनाएको नेपालको खुला अनुभव हो विगत १६ वर्षमा । चुनावबाट आएकै आधारमा लादिने अधिनायकवालमा आन्तरिक अनुमोदन पाउन कठीन हुने हुनाले बाह्य समर्थन खोजिन्छ । पछिल्लो समय, खासगरी सामन्त गोलसँगको भेटपछिका ओलीका आचरण त्यसको उदाहरण हुन् । तर, १२ - बुँदेको सबै शक्ति र नेथा ओलीकै अर्कोरुप हुन् ।

त्यस अर्थमा अबको परिवर्तनको मुख्य ध्येय १२ - बुँदेका अस्विकृति नै हुनु पर्छ रुप र सारमा । त्यसका लागी दलहरुको आत्म समिक्षा अनिवार्य पूर्व शर्त हो । सर्वोच्चको निर्णय र त्यसले जन्माउने राजनीतिक प्रतिक्रियाले त्यस्तो आत्मसमिक्षाको बाध्यात्मक परिणाम जन्माउन सक्ने आशा गर्न सकिन्छ ।

किनकि न्यायपालिकाले संभवत : संविधानवाद र न्यायवाद प्रभावकारी नभए राष्ट्रवाद र प्रजातन्त्रवाद छिट्टै समाप्त हुन्छ भन्ने बुझ्न सक्छ । त्यसपछि पनि नेपाली राजनीतिलाई नेपालीहरुको निर्णयाधिकार भित्र ल्याउनु नै नेपालीहरुको राष्ट्रियता र प्रजातन्त्रका लागि न्यूनतम सर्त हो । *(वरिष्ठ पत्रकार घिमिरे देश सञ्चार डटकमका प्रधान सम्पादक हुन्)*

विज्ञान

# भिजेको काठ बाल्न किन गाह्रो हुन्छ ?

आगो बल्न तीन कुराको आवश्यकता पर्दछ । ती हुन् इन्धन, अक्सिजन ग्यास र ताप । काठ, कागज, पेट्रोल, तेल जस्ता बल्ने सबै वस्तुहरू इन्धन हुन् । अक्सिजन एक ग्यास हो, जुन हावामा पाइन्छ । ताप एक शक्ति हो, यो विभिन्न किसिमबाट प्राप्त गर्न सकिन्छ ।

इन्धन, अक्सिजन र तापमध्ये कुनै एउटा भएन भने आगो बल्न सक्तैन । जस्तै इन्धन र अक्सिजन सँगै राख्दैमा आगो बल्दैन । त्यस्तै इन्धन र ताप मात्रले पनि आगो बल्न सक्तैन। त्यसैले आगो बल्नलाई यी तीनै कुराहरू चाहिन्छ । यही कुरा आगो निभाउँदा लागू हुन्छ । आगो निभाउनु पर्दा हामी आगोमा पानी खन्याउँछौं । यसरी आगोमा पानी खन्याउँदा पानीले आगोमा भएको ताप लिन्छ र बलिरहेको वस्तु (इन्धन) चिसिन्छ । जसले गर्दा माथि उल्लेख भएका तीन कुराहरूमध्ये तापको अभाव हुन्छ र आगो निभ्छ ।

कहिलेकाहीँ हामी आगोलाई कुनै वस्तुले छोपेर पनि निभाउने गर्दछौं । आगोलाई यसरी छोप्दा इन्धनले हावाबाट अक्सिजन लिन पाउँदैन । अक्सिजन लिन नपाउने भएकाले त्यो आगो निभ्दछ ।

भिजेको काठलाई बाल्न गाह्रो हुन्छ । किनभने भिजेको काठ बढी चिसो हुन्छ । चिसो काठलाई बाल्न बढी तापको आवश्यकता पर्दछ । बढी ताप नपाउनाले त्यो छिनछिनमा निभ्दछ । तर कागज, कपडा, प्लास्टिक जस्ता चीजहरू भिजेको भए तापनि सजिलै बाल्न सकिन्छ । किनभने यस्तो चीजहरू बाल्नलाई थोरै ताप भए पनि पुग्दछ । फरक फरक चीजलाई बल्नका लागि फरक फरक मात्रामा ताप चाहिन्छ । जस्तै पेट्रोल, । तेल जस्ता कुराहरूलाई थोरै ताप भए पुग्दछ । यसकारण यिनीहरूलाई छिटै आगोले समात्दछन् ।

*(डा. तीर्थबहादुर श्रेष्ठ र विमललाल श्रेष्ठले लेखेको एवं नेपाल प्रज्ञा प्रतिष्ठानले छापेको 'बाल–विज्ञान प्रश्नोत्तर' पुस्तकबाट)*



## वर्गीकृत विज्ञापन डिस्प्ले

**लोन फुकुवा बैंक ब्यालेन्स चाहिएमा**
सम्पर्क:
98166-41775,
98497-94035
बिमलजी

**शिक्षक आवश्यकता**
तह: नि.मा.वि.
(सिकाइ अनुदान कोटा)
विषय: विज्ञान, गणित
योग्यता: +२ विज्ञानमा I.Sc, शिक्षण अनुमति पत्र
तलब: नियमानुसार
थप जानकारीको लागि:
९८५६०३९७७९, ९८५६०३३००६
श्री मसिना आधारभूत विद्यालय
पोखरा-१४

**कर्मचारी आवश्यकता**
मार्केटिङ अफिसर – २ जना
(भ्याली बाहिर, सवारी साधन लाइसेन्सेन्स भएको)
अर्डर कलेक्सन– १ जना
(भ्याली भित्र, लाइसेन्स भएकालाई प्राथमिकता)
ड्राइभर (मिनी/हेभी)– १ जना
तलब : आपसी समझदारीमा
सम्पर्क :
सञ्जिवनी बुटी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.
पोखरा–४, फिर्के, ९८२५१३३२९३

**तु-आवश्यकता**
W.I. Office को लागि
साधारण- ४ जना
SEE- ५ जना
+2 above- ३ जना
तलब : 13500 देखि 19500
Contact :
9806544029
9846060585

**घर जग्गा बिक्रीमा**
पोखरा वडा नं. १०, रामबजार स्थित सेन्टर ठाउँमा आकर्षक घडेरी तथा घर बिक्रीमा छ ।
*(घर पुरानो भएकोले मुल्य नहुने जग्गाको मात्रै मुल्य हुने)*
सम्पर्क नं.: ९८०५८४२४०८

**सटर भाडामा**



पोखराको उत्तमचोक, पृथ्वी राजमार्ग उत्तरतर्फ घरसहित चार वटा सटरहरु भाडामा ।
घर पछाडि पर्याप्त पार्किङ सुविधा भएको ।
सम्पर्क ९८४९९५११००

**फ्ल्याट भाडामा**
१० कोठा बराबरको स्पेश भएको पहिलो तल्ला भाडामा।
स्थान :
पर्स्याङ, बागलुङ हाइवे
सम्पर्क :
9856002616

**महिला कर्मचारी चाहियो**
चिप्लेढुंगामा अवस्थित एक प्रतिष्ठित संस्थाको लागि सामान्य खाना बनाउन जान्ने/सरसफाई गर्ने महिला कर्मचारीको आवश्यक परेको हुँदा इच्छुकले तु–सम्पर्क गर्नुहोला ।
(आकर्षक तलब सहित खाना बस्नको सुविधा)
सम्पर्क :
९८४६४८८३३३,
९८१४१७४८३३




**मनाङ मर्स्याङ्दी क्लबका प्रतिनिधिबाट मनाङका बाढी-पहिरो पिडितलाई राहत सामग्री वितरणपछि राहत बोक्दै पिडित। क्लबले जिल्लाको ङिस्याङ गाउँपालिकाका बाढीपडितलाई त्रिपाल औषधि, खाद्य सामग्री वितरण गरेको छ।**

*तस्बिर : रासस*

# बारपाक सुलिकोट सर्वोत्कृष्ट

**राष्ट्रिय समाचार समिति**
गोरखा, २६ असार

गोरखा जिल्लाका स्थानीय तहमध्ये बारपाक सुलिकोट गाउँपालिका सर्वोत्कृष्ट गाउँपालिका बन्न सफल भएको छ । स्थानीय तहको उपलब्धि र कमी, कमजोरीको लेखाजोखा गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बनाएको स्थानीय तह स्वमूल्यांकन कार्याविधिका आधारमा गरिएको संस्थागत क्षमताको स्वमूल्यांकनमा सो गाउँपालिका जिल्लाकै सर्वोत्कृष्ट बन्न सफल भएको हो ।

कार्यविधिमा समावेश गरिएका १० सूचक र १ सय उपसूचकका आधारमा बारपाक सुलिकोट गाउँपालिकाले ६६.७५ प्रतिशत अंक प्राप्त गरेको गाउँपालिका अध्यक्ष विष्णुप्रसाद भट्टले जानकारी दिए । कार्यविधिको मापदण्ड अनुसार संस्थागत क्षमताको स्वमूल्यांकनमा भीमसेन थापा गाउँपालिका सबैभन्दा पछाडि परेको छ । सो गाउँपालिकाले ३३.५ प्रतिशत अंक प्राप्त गरेको छ ।

संस्थागत क्षमताको स्वमूल्यांकनको आधारमा जिल्लाको अजिरकोट गाउँपालिका दोस्रो र सहिद लखन गाउँपालिका तेस्रो गाउँपालिका बनेको छ । अजिरकोटले ६५.५ प्रतिशत र सहिद लखनले ६०.२५ अंक ल्याएका छन् । कार्यविधि अनुसार गाउँपालिका र नगरपालिकाका सबल र दुर्बल पक्ष पहिचान र समीक्षा गर्ने गरिन्छ । स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी स्वयंले सहभागितामूलक विधिद्वारा आ-आफ्नो स्थानीय तहको कार्यबारे मूल्यांकन गर्ने गर्दछन् ।

नगरपालिका र गाउँपालिकाहरूको बीचमा तुलनायोग्य सूचकहरू बनाएर त्यस आधारमा कामको मूल्यांकन गर्न कार्यविधिले सघाउने सुलिकोट गाउँपालिका अध्यक्ष भट्टले बताए । शासकीय प्रबन्ध, वार्षिक बजेट तथा योजना व्यवस्थापन, सामाजिक समावेशीकरण, वित्तीय एवं आर्थिक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पूर्वाधार, सङ्गठन तथा प्रशासन, सहकार्य र समन्वयको आधारमा स्थानीय तहरूले नम्बर प्राप्त गर्दछन् । जिल्लाका ११ स्थानीय तहमा आरुघाट गाउँपालिकाले भने भर्खरैमात्र संस्थागत क्षमताको स्वमूल्यांकन प्रक्रिया सुरु गरेको जनाएको छ ।

# युनिलिभर नेपालको सहयोग




पोखरा, २६ असार (समाधान)- विश्वका विभिन्न युनिलिभर व्यवसाय तथा अन्तर्राष्ट्रिय युनिलिभरले कोभिड १९ माहामारी नियन्त्रणका लागि सहयोग गरेको छ । युनिलिभरले अक्सिजन कन्सनट्रेटर्स १ सय २८ थान, एन ९५ माक्स १ हजार ५ सय थान, सर्जिकल ग्लोभ्स ३ हजार ४ सय, सुकभर २ हजार, वर्किङ क्याप २ हजार र मेडिकल गग्गल २ सय प्रदान गरेको हो ।

२०५० देखि सञ्चालनमा रहेको युनिलिभर नेपाल लिमिटेडले आफ्नो ग्लोबल आपूर्ति शाखाका नेटवर्कलाई सक्रिय गरी यी सामग्री सहयोग गरेको हो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका मुख्य विशेषज्ञ डा.रोशन पोखरेलले युनिलिभर नेपाललाई धन्यवाद दिएका छन् । युनिलिभर नेपालका प्रबन्ध निर्देशक अम्लान मुखर्जीले कोभिडको सिकिस्त केसमा निरन्तर अक्स्जिनको सप्लाई पुग्ने तरिकाले काम गर्नुपर्ने बताए । उनले स्वास्थ्य संकटसँग लड्न युनिलिभर परिवारले हरसम्भव सहयोग गर्ने उनले प्रतिवद्धता गरे ।

# ‘खोप नपाउँदा अल्पायुमै ज्यान गयो’




**समाधान संवाददाता**
पोखरा, २६ असार

पोखरा उद्योग वाणिज्य संघले आफ्ना पूर्वअध्यक्ष तथा कार्यसमिति सदस्यहरुको निधनमा श्रद्धाञ्जली तथा शोकसभाको आयोजना गर्‍यो । पहिल्लो ४ संघका पूर्वअध्यक्ष, मानार्थ सदस्य तथा सल्लाहकार हेमबहादुर प्रधान र रमेश कर्माचार्य तथा कार्यसमिति सदस्य रुपनारायण भुजेलको निधन भएको छ ।

संघका पूर्वअध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य सञ्जीवबहादुर कोइरालाले संघका पूर्वअध्यक्षद्वय तथा कार्यसमिति सदस्यको निधनबाट निजी क्षेत्रले ठूलो क्षति व्यहोरेको बताए । पूर्वअध्यक्ष कृष्णमोहन श्रेष्ठले दुबै पूर्वअध्यक्षले संघको गरिमा बढाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको स्मरण गरे ।

संघका अध्यक्ष नारायण कोइरालाले पूर्व अध्यक्षद्वय तथा कार्यसमितिका सदस्यको निधनले आफू मर्माहत भएको बताए । जन्म र मृत्यु सत्य भए पनि अल्पायुमै हुने निधनले दिने पीडा असह्य हुने उनले उल्लेख गरे ।

लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष बलराम ढकालले कोभिडका कारण निजी क्षेत्रले होनाहार व्यक्तित्वहरु गुमाएको बताउँदै खोपको प्रबन्ध गर्न सरकारसँग माग गरे । संघका पूर्वउपाध्यक्ष ईश्वर कर्माचार्यले नाताले भतिज तर सामाजिक रुपले अभिभावकीय भूमिकामा रहने रमेश कर्माचार्यको निधनबाट अपूरणीय क्षति भएको बताए । सरकारले कोभिडविरुद्धको खोप प्रबन्ध गर्न नसक्दा अल्पायुमै होनाहार व्यक्तिहरु गुमाउनु परेको उनको दाबी छ । उनले तत्काल खोपको व्यवस्था गर्न राज्यसँग माग गरे ।

हेमबहादुर प्रधानका छोरा रवीन्द्रले आफ्ना बुवाको योगदानको स्मरण गरेकोमा पोखरा उद्योग वाणिज्य संघलाई धन्यवाद दिए । संघका कार्यसमिति सदस्य हरिराज पन्तले दिवंगत कार्यसमिति सदस्य रुपनारायण भुजेलको जीवनीबारे चर्चा गरे । कार्यक्रमम पोखरा उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान बिजुक्छेले पनि बोलेका थिए । कार्यक्रममा दिवगंतहरुको आत्माको चिरशान्तिको कामना गर्दै १ मिनेट मौनधारणसमेत गरिएको थियो ।

# ५५ युनिट रगत संकलन




**समाधान संवाददाता**
पोखरा, २६ असार

पी सेभेन बार्बर एन्ड ट्रेनिङ सेन्टरको रक्तदानमा ५५ युनिट रगत संकलन भएको छ । शनिबार आयोजित रक्तदान पोखरा महानगरपालिकाका प्रवक्ता धनबहादुर नेपालीले सुरुआत गरे ।

उनले एकले अर्कोलाई समस्या पर्दा सहयोग गर्ने सामाजिक संस्कृति भएको बताए । उनले रक्तदान कार्यक्रमले मानवताको पाठ सिकाएको बताए ।

गुरुङ ब्युटी पार्लरका संञ्चालक चिनु गुरुङले कास्कीमा सौन्दर्य व्यवसायद्वारा पहिलो पटक रक्तदान आयोजना गरिएको बताइन् । उनले सरकारले सौन्दर्य व्यवसायलाई मनोरञ्जनको दृष्टिकोणबाट मात्र हेरेको गुनासो पोखिन् । उनले भनिन्, ‘सौन्दर्य पेशा क्रियटिभ पेशा हो । तर पछिल्लो समय हामी सरकारबाटै उपेक्षित भइरहेको महसुस गरिरहेका छौं ।’

नेपाल स्वयंसेवी रक्तदाता समाज कास्की अध्यक्ष जितेन्द्रमान शाक्यले आफूले ७३ औं पटक रक्तदान गरिसक्दा पनि केही नभएको उल्लेख गरे । उनले नेपालमा १७ वर्ष पुगेका ६० देखि ६५ वर्ष ननाघेका व्यक्तिले रक्तदान गरे पनि विदेशमा ७५ देखि ८० वर्ष उमेरकाले समेत रक्तदान गर्ने गरेको जानकारी गराए ।

क्षेत्रीय रक्तसञ्चार केन्द्र पोखराका प्रमुख अर्जुन ज्ञवालीले रगत अभावलाई कम गर्न रगतकै आवश्यक पर्ने हुँदा रक्तदान गर्नबाट टाढा नभाग्न अनुरोध गरे । रक्तदान निरोगीपनको प्रमाणसमेत भएकाले ४५ केजी तौल भएका स्वस्थ व्यक्तिले रक्तदान गर्न मिल्ने जानकारी गराए । उनले अहिले धेरै संघ, संस्थाका कार्यक्रमबाट नै रगतको अभाव परिपूर्ति गर्न सहज भएको बताए ।

पी सेभेन बार्बर एन्ड ट्रेनिङ सेन्टरका सञ्चालक कृष्ण भुजेलले रक्तदान बर्सेनी गर्ने प्रतिवद्धता गरे । कार्यक्रममा आकस्मिक रक्तदान युनिट कास्की संयोजक नेत्र ढकाल, विश्व हिन्दू परिषदका राजु बराल लगायतले बोलेका थिए ।

# ‘सामूहिक व्यवसाय गरौं, आत्मनिर्भर बनौं’

**समाधान संवाददाता**
पोखरा, २६ असार

गण्डकी प्रदेश चेम्बर अफ कमर्सको पहिलो साधारणसभा तथा अधिवेशन भएको छ । यसभन्दा अगाडि नेपाल चेम्बर अफ कर्मसको विधान अनुसार केन्द्रीय अध्यक्ष राजेन्द्र मल्लले गण्डकी प्रदेश अध्यक्षमा किसान सुनारलाई चयन गरेका थिए ।

शनिबार भएको साधारणसभा तथा निर्वाचनबाट उपाध्यक्षमा श्रीबहादुर गुरुङ, महासचिवमा देवराज शर्मा, सचिव विष्णुकुमार श्रेष्ठ र कोषाध्यक्षमा तेजेन्द्र पौडेल निर्विरोध भएका छन् । कार्यसमिति सदस्यमा विजय हिराचन, भरतबहादुर रकाल, महेन्द्रमोहन भट्टराई, ज्ञानु अधिकारी, तारानाथ ढुंगाना, प्रकाश न्यौपाने, टीकाकुमारी गुरुङ, गंगाप्रसाद श्रेष्ठ, विष्णुकुमारी गुरुङ ‘एकता’, युवराज खतिवडा, र अरुण गिरी रहेको प्रमुख निर्वाचन अधिकृत उपेन्द्रराज पौडेलले जानकारी दिए ।

कार्यक्रममा नेपाल चेम्बर अफ कमर्स केन्द्रीय अध्यक्ष राजेन्द्र मल्लले बीउ पुँजी संकलन गरी उत्पादनमुखी कार्यक्रम गर्न निर्देशन दिए । उनले एकलभन्दा सामूहिक रुपमा व्यवसायमा जानुपर्ने बताए । अध्यक्ष मल्लले कृषि, जडिबुटी, सुन्तला र सूचना प्रविधिको क्षेत्रमा काम गर्न आग्रह गरे ।

स्याङ्जा र गोरखामा सुन्तला खेती र हिमाली जिल्लामा जडिबुटी खेतीको सम्भावना रहेको चर्चा गर्दै उनले नयाँ प्रविधिमार्फत व्यवसायिक परियोजना गरे केन्द्रले बजारीकरणमा सहयोग गर्ने बताए । ‘चेम्बर अरु निजी क्षेत्रको संस्थाभन्दा फरक छ । सांगठनिक स्वरुपमा नवीनता छ,’ अध्यक्ष मल्लले भने, ‘चेम्बरका सदस्यहरु आफैं अग्रसर भएर उद्योग, व्यवसायको प्रवर्द्धनमा लाग्नुस् । कोभिड १९ का कहरले उद्योगी व्यवसायीलाई आफैं उत्पादन गरेर आत्मनिर्भर बन्न सिकाएको छ ।’

अध्यक्ष मल्लले विदेशबाट सामान ल्याएर बेच्नुभन्दा आफैं उत्पादन गरेर राष्ट्रिय अर्थतन्त्रको विकासमा लाग्न सुझाव दिए । उनले मिल्दो जुल्दो व्यवसाय गर्ने कर्पोरेट कार्यालय खोलेर काम गर्न सुझाव दिए । अध्यक्ष मल्लले चेम्बरले नेपाल चिकित्सक संघको सहकार्यमा उद्योगी, व्यवसायीलाई टेली मेडिसिन सेवा प्रदान गर्ने जानकारी दिए ।

भर्चुअल प्रविधिबाट भएको कार्यक्रममा नेपाल चेम्बर अफ कमर्स (जिल्ला तथा नगर)उपाध्यक्ष दीपक श्रेष्ठले प्रदेश, जिल्ला तथा नगरका उद्योगी, व्यवसायीलाई समेटेर संस्थागत विकासमा लाग्ने बताए ।

गण्डकी प्रदेश चेम्बर अफ कमर्स अध्यक्ष किसान सुनारले गण्डकी प्रदेशको समृद्धिका लागि अल्पकालीन र दीर्घकालीन योजना बनाएर काम गर्ने उल्लेख गरे । उनले प्रविधिमैत्री सचिवालय बनाएर समग्र उद्योगी, व्यवसायीको हक, हितमा काम गर्ने बताए ।

स्थानीय सरकारसँग मिलेर व्यवसायिक परियोजना चलाउने उल्लेख गर्दै उनले चेम्बरले गण्डकी प्रदेशमा लगानी सम्मेलन गर्ने घोषणा गरे । नेपाल चेम्बर अफ कमर्स केन्द्रीय सदस्यहरु भाइचन्द्र श्रेष्ठ र निर्मला लम्साल र वागमती प्रदेश चेम्बर अफ कमर्स अध्यक्ष सिद्धिलाल श्रेष्ठले सबै उद्योगी, व्यवसायीलाई कोभिड १९ विरुद्धको खोपको व्यवस्था गर्न माग गरे ।

# बाटोबाट लडेर मृत्यु

**समाधान संवाददाता**
पोखरा, २६ असार

मनाङको ङिस्याङ गाँउपालिका ३ नावलमा पैदल बाटोबाट लडेर १ जनाको मृत्यु भएको छ । शनिबार बिहान ९ बजेतिर नावलबाट मुम्चे जाने पैदल बाटोबाट खसेर ५२ वर्षीय ज्ञानबहादुर धमलाको मृत्यु भएको प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले बताए ।

धमलाको घर गोरखा आरुघाट गाँउपालिका हो । उनी मनाङको ङिस्याङ गाउँपालिका ४ हुम्देमा बस्थे । घटनास्थलमा प्रहरी परिचालन गरी अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक विकले बताए ।

# बन्दीपुरको बजेट पारित

**राष्ट्रिय समाचार समिति**
दमौली, २६ असार

तनहुँको बन्दीपुर गाउँपालिकाले आगामी आर्थिक वर्ष २०७८/७९ का लागि ५१ करोड ३४ लाख १ हजार ५ सयको बजेट पारित गरेको छ । नवौं गाउँसभाले आगामी वर्षका लागि प्रस्तुत बजेट पारित गरेको हो । यही असार १० गते सुरु भएको गाउँसभामा बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गरिएको थियो ।

गाउँपालिकालाई संघ सरकारमार्फत वित्तीय समानीकरण अनुदान बापत ९ करोड ४ लाख, सशर्त अनुदान बापत १८ करोड ७५ लाख, विशेष अनुदानबापत २ करोड ४९ लाख, राजस्व बाँडफाँड बापत ६ करोड ५४ लाख ९१ हजार प्राप्त हुने अनुमान गरिएको उपाध्यक्ष करुणा गुरुङले जानकारी दिइन् ।

गण्डकी प्रदेश सरकारमार्फत वित्तीय समानीकरण अनुदान बापत १ करोड ५लाख ३१ हजार, राजस्व बाँडफाँड बापत ८९ लाख ३२ हजार, विशेष अनुदान बापत ५० लाख र समपुरक अनुदान बापत ५० लाख प्राप्त हुने अनुमान गरिएको छ ।

गाउँपालिकाले उत्कृष्ट कार्यसम्पादन गर्ने ७ कर्मचारीलाई पुरस्कृत गरेको छ । कर्मचारीलाई नगद १० हजार र प्रशंसापत्रसहित पुरस्कृत गरेको हो । लेखा अधिकृत कृष्णप्रसाद बसौला, कृषि शाखा प्रमुख सुलभ अधिकारी, प्राविधिक अजयकुमार पण्डित, राजस्व र न्यायिक शाखाकी वन्दना लामा गुरुङ, सवारी चालक नारद पाटामगर, कार्यालय सहयोगी रामेश्वर कुँवर र वडा नम्बर १ का सचिव कुमार लम्साललाई पुरस्कृत गरिएको हो ।

**के तपाईको Printer मा कुनै समस्या छ ?**

**पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्, नयाँ जस्तै बनाएर लैजानुहोस् ।**

**त्यो पनि सस्तोमा**



Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions

अत्याधुनिक मेसिनद्वारा कार्टिज सफा गरी प्रेस ग्यारेन्टीका साथ टोनर रिफिलिङ
Mono/Color (A4/A3)

**इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित**

**गण्डकी कम्प्युटर्स**
... the printer house

न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
**फोन : ०६१-५४१९३५,, मो. ९८५६०-४१९३५, ९८५६०-६५९३५
९८५६०-६६९३५, ९८५६०-६७९३५, ९८५६०-६८९३५, ९८५६०-४०६४८**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परिक्षण सम्बन्धी सूचना !

पोखरा महानगरपालिका वडा नं. २१ स्थित डाँडा पोखरी नगरस्तरीय भलिबल र ब्युटिफिकेशन निर्माण कार्य सम्पन्न गर्दा भएको सम्पूर्ण आम्दानी खर्चबारे सरोकारवालाहरुको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नामः डाँडा पोखरी नगरस्तरीय भलिबल निर्माण र ब्युटिफिकेशन**

**समितिको नाम : डाँडा पोखरी नगरस्तरीय भलिबल निर्माण उपभोक्ता समिति**

| | |
|---|---|
| योजनाको कुल लागत | : रु. १७,०१,०३८।०० |
| योजना सम्झौता मिति | : २०७७/१०/१९ |
| योजना सुरु हुने मिति | : २०७७/१०/२२ |
| योजना सम्पन्न मिति | : २०७८/०३/२५ |
| महानगरपालिकाबाट प्राप्त हुने रकम | : रु. १५,००,००० |
| उपभोक्ता (जनसहभागिता) बाट | : रु. २,०१,०३८।०० |
| **जम्मा खर्च** | : रु. १७,०१,०३८।०० |

**समितिका पदाधिकारीहरू**
**अध्यक्ष : चन्द्र प्रसाद पौडेल, उपाध्यक्ष : सूर्यमान श्रेष्ठ**
**सचिव : गंगादत्त पौडेल, कोषाध्यक्ष : पशुपति श्रेष्ठ**
**सदस्य : पदमराज पौडेल**
**अनुगमन समिति : संयोजक : हिमकुमार श्रेष्ठ,**
**सदस्य : सुरेश केसी, सुनीता सापकोटा पौडेल**

## हार्दिक समवेदना



**जन्म मितिः**
वि.सं. १९८८/११/१९

**स्वर्गारोहण मितिः**
वि.सं. २०७८/०३/१५

**स्व. विष्णुमाया थापा मगर**

यस **नेपाल मगर संघ माटेपानी इकाई समिति कास्की**को साधारण सदस्य **रवि थापा मगर**को ममतामायी माता तथा **नेपाल मगर महिला संघ माटेपानी इकाई समिति**को कोषाध्यक्ष **कृष्णमाया थापा मगर**को सासुआमा **विष्णुमाया थापा मगर**को असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**दुर्गा बहादुर थापा मगर**
अध्यक्ष तथा
**नेपाल मगर संघ माटेपानी इकाई समिति कास्की परिवार**

# पुल एकातिर, खोला अर्कोतिर



**सुन्दरकुमार थकाली**
जोमसोम, २६ असार

लुप्रा पान्डा खोलाले पटक पटक धार परिवर्तन गर्दा उपल्लो मुस्ताङ जाने सवारी साधन तथा पैदलयात्री सास्ती व्यवहोर्न बाध्य भएका छन् । मुस्ताङको जोमसोम कोरला सडकमा पर्ने यो खोलामा मोटरेबल पुल छ ।

राष्ट्रिय गौरवको बेनी जोमसोम कोरला सडक आयोजना सुरु हुनुपूर्व नै निर्माण सुरु भएको लुप्रा पान्डा खोला पक्की पुलको जिम्मा पाल्पा करिडोरले लिएको थियो । पाल्पा करिडोरका प्राविधिक टोलीले सो स्थानको वैज्ञानिक ढंगले भौगोलिक प्राविधिक अध्ययन नगरी पुल निर्माण गर्दा बर्सेनि लुप्रा खोलाको बाढीले सास्ती दिने गरेको छ ।

खोलामा बुधबार र बिहीबारको बाढीले धार परिवर्तन गर्दा मोटरेबल पुलभन्दा बाहिरबाट खोला बग्न थालेको छ । पुल निर्माणका लागि सर्भे तथा प्राविधिक अध्ययनमा गम्भीर लापारवाही भएको वारागुङ मुक्तिक्षेत्र गाउपालिकाका अध्यक्ष फेन्चोक छेप्तेन गुरुङ बताउँछन् । बर्खामा लुप्राले पटक पटक धार परिवर्तन गर्ने गरेको र खोलालाई ट्र्याकमा ल्याउन पालिका आफैले डोजर परिचालन गरी सडक खुलाउन पहल गरेको उनले उल्लेख गरे । 'आज खोला फर्काएर पुलमा हाल्यो, भोलिबाहिर आउँछ,' अध्यक्ष गुरुङले भने, 'गाउँपालिकाले दिनहुँजसो डोजर लगाएर सडक चलाउने गरेको छ ।' यो पुल जोमसोमदेखि ३ किलोमिटर उत्तरतर्फ छ । जोमसोमदेखि मुक्तिनाथ र उपल्लो मुस्ताङ जोड्ने सडकमा पर्ने यो मोटरेबल पुलमा भौगोलिक अवस्था अनुकुल नभएको स्थानीय राम गुरुङले उल्लेख गरे । त्यहाँ लामो पक्की पुल आवश्यक पर्नेमा छोटो पुल निर्माण गरिएको उनको दाबी छ ।

अहिलेको पक्की पुलले बर्सेनि सास्ती दिने गरेको र यसको दीर्घकालीन समाधान खोज्नुपर्ने सवारी चालक माने गुरुङ बताउँछन् । २०६९ सालमा निर्माण सुरु गरिएको उक्त लुप्र –पान्डा खोला मोटरेबल पुलको काम २०७६ सालमा सकिएको थियो । लोकप्रिय शंकरमाली जेभीले ३ करोड ९० लाखमा पुल बनाएको हो । यो खोलामा ५० मिटरको पुलसहित १ सय मिटर एप्रोज र २ वटा कल्बट निर्माण गरिएको छ ।

# आस्थालाई पुरस्कार

**समाधान संवाददाता**
पोखरा, २६ असार

नेपाल मगर पत्रकार संघ कास्कीले प्रदान गर्दै आएको राष्ट्रिय मौलिक कौरा संरक्षण पत्रकारिता पुरस्कार २०७८ बाट पत्रकार एमबी आस्थामगरलाई पुरस्कृत गरिने भएको छ ।



राष्ट्रिय मौलिक कौरा संरक्षण समिति, नेपालले स्थापना गरेको सो पुरस्कारबाट एबिसी न्युज टेलिभिजनका गण्डकी प्रदेश ब्युरो प्रमुख मगरलाई पुरस्कृत गरिन लागेको संघका अध्यक्ष रूद्रबहादुर हितानमगरले जानकारी दिए । पुरस्कार राशि १० हजार रुपैयाँ नगद र ताम्रपत्र छ ।

पुरस्कारका लागि गठित प्रतिभा छनोट समितिले सिफारिस गरे अनुसार मगर पत्रकार संघ, कास्कीको शनिबार भएको बैठकले पत्रकार मगरको नाम अनुमोदन गरेको हो । संघका केन्द्रीय उपमहासचिव रूद्रबहादुर श्रीसमगरको संयोजकत्वमा गठित छनोट समितिमा हर्क आलेमगर, तारामाया थापामगर, नरमाया आलेमगर र रूद्रबहादुर हितानमगर थिए ।

मगर जातिको मौलिक संस्कृतिका रुपमा रहेको कौरा नाचको उत्थान र प्रवर्द्धनमा पत्रकारितामार्फत् योगदान पुऱ्याउने १ जना मगर पत्रकारलाई हरेक वर्ष यस पुरस्कारबाट सम्मान गरिँदै आएको छ । पुरस्कार हरेक वर्ष जेठ १५ गते कौरा संरक्षण समितिको स्थापना दिवसका दिन प्रदान गरिने भए पनि कोरोना महामारीका कारण ढिलाइ भएको समितिका अध्यक्ष हर्क आलेमगरले जानकारी दिए ।

यसअघि, सो पुरस्कारबाट नवलपरासी (बर्दघाट सुस्ता पूर्व) की कमला रानामगर, कास्कीका तिलकप्रसाद पुनमगर र तनहुँका प्रताप रानामगर पुरस्कृत भइसक्नुभएको छ । साउने संक्रान्तिमा आयोजना गरिने विशेष कार्यक्रममा पुरस्कार प्रदान गरिने कार्यसमिति सदस्य मीना थापामगरले जानकारी दिइन् ।

# कर्मचारी संगठन नै कर्मचारीको विरोधमा

**समाधान संवाददाता**
काठमाडौं, १५ असार

योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धताको विवाद सर्वोच्च अदालत पुगेको छ । वित्तीय क्षेत्रका कर्मचारीले कोषमा आवद्धता हुन नसक्नुका कारण देखाउँदै असार १८ गते अदालतमा रिट दायर गरेका छन् ।

कोष, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र अर्थ मन्त्रालयविरुद्ध रिट दायर भएको हो । असार २२ गते सर्वोच्चले कारण देखाऊ आदेश दिई असार ३१ गते निवेदक र विपक्षी दुवैलाई बोलाएको छ ।

कर्मचारीको रिट बहसमा आफूलाई श्रमिकको छाता संगठन दावी गर्ने ट्रेड युनियनहरु नै प्रतिपक्षी बनेका छन् । वित्तीय क्षेत्रले दिएको मुद्दामा प्रतिपक्षी भएर नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) र अखिल नेपाल ट्रेड युनियन महासंघ (अन्टुक) बहसमा गए ।

आवद्धताका लागि कोषले दिएको असार मसान्तसम्मको अल्टिमेटमलाई स्थगन, आवद्धता जबरजस्ती नभएर स्वेच्छिक गर्नुपर्ने कर्मचारीको माग छ । जिफन्टमा एमालेको बाहुल्य छ । एमालेमा पनि जिफन्ट केपी ओली समूहको कब्जामा छ । त्यसैले अहिले जिफन्ट सरकारको कार्यक्रमको बचाउन गर्न लागिपरेको छ ।

वित्तीय क्षेत्रका कर्मचारीले आफ्नो क्षेत्रको मात्र नभएर निजी क्षेत्रका सम्पूर्ण श्रमिक तथा कर्मचारी आवद्धताको लागि कोषको ऐन तथा कार्यविधि संशोधन तथा परिमार्जन गर्न माग गरेका हुन् ।

जिफन्ट र अन्टुकका अधिवक्ता वकिलहरुले बैंक तथा वित्तीय संस्थाका सिमित कर्मचारीमात्र कोषको ऐनको विरुद्धमा आए, यो ऐन भनेको राज्य, सरकारको समर्थनका लागि, सबै क्षेत्रका श्रमिक तथा कर्मचारीको लागि भनेर ल्याइएको बताएका थिए ।

नेपालका कुल रोजगारदातामध्ये वित्तीय क्षेत्रको हिस्सा ०.१५ प्रतिशत छ । सामाजिक सुरक्षा कोष २०७५ सालबाट सुरु भए पनि यसमा योगदान ०७६ साउन १ गतेबाट सुरु भएको हो । त्यसमा वित्तीय क्षेत्रका कर्मचारी संघ, संस्थालगायत बैंकर्स संघले पनि आवद्धताका लागि गम्भीर असन्तुष्टि जनाउँदै ऐन संशोधनको माग राख्दै आएका छन् ।




**सामाजिक सुरक्षा कोषमा आवद्धताबारे वित्तीय क्षेत्रका कर्मचारी र कर्मचारीका संगठनहरु विपरीत ध्रुवमा उभिएका छन्**

वित्तीय क्षेत्रका कर्मचारीको कोषप्रतिको असन्तुष्टिमा विभिन्न राजनैतिक दलका ट्रेड युनियनले समेत सार्वजनिकरुपमा सहमति जनाउँदै आएका थिए । तर, देशको राजनीतिक माहोल परिवर्तन भएसँगै यस्ता राजनीतिक दलका ट्रेड युनियनले बोली परिवर्तन गरेको वित्तीय क्षेत्रका कर्मचारी बताउँछन् । यस अघिसम्म तय भएका भएका सबै कार्यक्रमको जानकारी जिफन्ट र अन्टुकलाई भएको नेपाल वित्तीय संस्था कर्मचारी संघका उपाध्यक्ष पर्शुराम खनालले बताए ।

'हामीले ट्रेड युनियन कांग्रेससँगको सहमतिमा नै आन्दोलन तथा मुद्दासम्मको अवस्था तय गरेका हौँ, त्यहाँका अध्यक्ष पुस्कर आर्चायसँग पटक पटक छलफल भएको हो, ट्रेड युनियन कांग्रेस जिफन्ट र कोषको सञ्चालकमा समेत छ,' संघका उपाध्यक्ष खनालले भने, 'त्यही भएर ट्रेड युनियन कांग्रेसमार्फत् सहमति लिएर नै यहाँसम्म हामीले कदम चालेका हौँ । तर, अहिले उहाँहरु नै प्रतिपक्षी भएर बहसमा आउनु भयो ।'

देशमा चुनावी माहोल शुरु भएपछि सरकारमा आफ्नो प्रभुत्व देखाउनका लागि राजनीतिक दलका ट्रेड युनियनहरुले बोली फेरेको आरोप छ । 'उहाँहरु श्रमिकको प्रतिनिधि हो या श्रमिकमारा हो, त्यो समयले नै देखाउँला । तर, अहिले श्रमिकको रक्षक नै भक्षक भएर आएको देखिन्छ,' उनले भने ।

सामाजिक सुरक्षा कोषको ऐन समयसापेक्ष संशोधन तथा परिमार्जन गरिँदै लगिने हुँदा तोकिएको समयमा अनिवार्य आवद्ध हुनुपर्ने नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) अध्यक्ष विनोद श्रेष्ठ बताउँछन् । 'नपुगेको र बिग्रिएको कुरा अगाडि मिलाउँदै जानुपर्छ तर अहिले तोकिएको सबै क्षेत्र समयमै आवद्ध हुनु नै पर्छ,' श्रेष्ठले भने, 'अहिले वित्तीय क्षेत्रका सिमित कर्मचारी आवद्धतामा असन्तुष्टि जनाउँदै विभिन्न माग तेर्स्याएर अदालतसम्म पुगेका छन्, उनीहरुको माग सरासर गलत छ, ऐन/कानुन ऐच्छिक हुँदैन ।'

वित्तीय क्षेत्रका संस्था व्यवस्थापनले आफ्नो फाइदाको लागि कर्मचारीलाई राज्यका कानुनविरुद्ध उभ्याएको ट्रेड युनियन कांग्रेसका अध्यक्ष पुस्कर आचार्यले दाबी गरे । आफ्ना कर्मचारीले जम्मा गर्ने पेन्सन र कर्मचारी सञ्चय कोषको पैसाले हुने फाइदा कोषमा गएमा संस्थालाई नोक्सानी हुने देखेर व्यवस्थापनले कर्मचारी भड्काएको उनको भनाइ छ ।

# गैरआवासीय नेपाली पत्रकार संगठित

**राष्ट्रिय समाचार समिति**
लन्डन, २६ असार

प्रवासमा बसेर पत्रकारिता गरिरहेका क्रियाशील नेपाली पत्रकारले गैरआवसीय पत्रकार महासंघ गठन गरेका छन् । भर्चुअल माध्यमबाट बुधबार बसेको भेलाले बिबिसी नेपाली सेवाका पूर्व पत्रकार भागिरथ योगीको अध्यक्षतामा ९ सदस्यीय महासंघ गठन गरेको हो ।

प्रवासी नेपालीको साझा संस्था गैरआवासीय नेपाली संघ (एनआरएनए) सँग सहकार्य गरी काम गर्ने बताइएको छ । महासंघले नेपालबाहिर भारत लगायत मुलुकमा क्रियाशील नेपाली तथा नेपाली मूलका पत्रकारलाई पनि समेट्ने गरी आगामी ९० दिनभित्र संघको विधान बनाई त्यसको १ सय ८० दिनभित्र नयाँ कार्यसमिति गठन गरिसक्ने जनाएको छ ।

महासंघका राष्ट्रिय शाखा भने तत्काल गठन गरिने नवनियुक्त योगीको भनाइ छ । महासंघको उपाध्यक्षमा तोया दाहाल (अमेरिका), उपाध्यक्षमा श्याम लुइँटेल (युके), महासचिवमा कृष्ण केसी (अमेरिका), सचिव अनिल अधिकारी (अमेरिका), छत्र शंकर (अस्ट्रेलिया), खगराज गौतम (जापान), अनुजा बुढाथोकी (साउदी अरेबिया) र सहकोषाध्यक्ष महेश खाती (डेनमार्क) छन् ।

सल्लाहकारमा डा भरतराज पौडेल (अस्ट्रेलिया) तथा डा जगन अधिकारी (युके) छन् । यस्तै जुन देशमा महासंघ दर्ता हुन्छ, त्यही देशबाट कोषाध्यक्ष मनोनयन गरिने जनाइएको छ ।

गैरआवासीय नेपाली पत्रकार महासंघ नेपालबाहिर बेलायत, अमेरिका, क्यानडा, अस्ट्रेलिया तथा युरोपका कुनै एक देशमा दर्ता गरिने जनाइएको छ । बितेको १ दशकमा नेपालबाहिर नेपाली अनलाइन पोर्टल लगायतका सञ्चारमाध्यमको उल्लेख्य वृद्धि भएको छ । तिनको दिगोपना र गुणस्तरमा भने समस्या देखिएको छ । त्यस्तै प्रवासमा क्रियाशील सबै पत्रकारलाई मान्य हुने गरी आचारसंहिताको विकास गर्नुपर्ने आवश्यकता पनि देखिएको छ ।

अमेरिका, युरोप, अस्ट्रेलिया लगायतका मुलुकमा क्रियाशील नेपाली पत्रकारका संस्थासँग सहकार्य गरी प्रवासमा नेपाली पत्रकारितालाई अरू बढी गरिमापूर्ण र व्यावसायिक बनाउन महासंघ गठन गरिएको अध्यक्ष योगी बताउँछन् ।

# युवा संघ सडकमा

**समाधान संवाददाता**
पोखरा, २६ असार




वर्तमान सरकार र नेकपा (एमाले) विरुद्ध घेराबन्दी गरिएको भन्दै विरोधमा राष्ट्रिय युवा संघ नेपालले शनिबार पोखरामा सडक प्रदर्शन गरेको छ ।

विपक्षी गठबन्धनको असंवैधानिक र राष्ट्रघाती कदमको विरुद्ध प्रर्दशन गरेको युवा संघ नेपाल गण्डकी प्रदेशका अध्यक्ष महेन्द्र गुरुङले जानकारी दिए । 'सामाजिक विकास, हाम्रो सरोकार, संसद विघटन संवैधानिक अधिकार,' 'शक्ति पृथकीकरणको रक्षा गरौं, संवैधानिक सर्वोच्चता कायम गरौं,' 'फेर्नु छ चाँडो देशको मुहार, विदेशी दलाल होसियार,' लगायतका नारा लेखिएका प्लेकार्डसहितको प्रदर्शन गरिएको हो ।

युवा संघ गण्डकी प्रदेश कमिटी र जिल्ला कमिटी कास्कीको व्यवस्थापनमा मानव अधिकारचोकबाट सुरु भएको युवाको जुलुस चिप्लेढुंगा हुँदै महेन्द्रपुलमा पुगी सभामा परिणत भएको थियो ।

राष्ट्रिय युवा संघ नेपालका पूर्वअध्यक्ष तथा गण्डकी प्रदेश सभाका सदस्य राजीव पहारीले प्रतिनिधि सभाले वर्तमान संकटको निकास दिन नसकेपछि ताजा जनमतका लागि जनतामा जानु जायज भएको बताए । 'संसदले कुनै निकास दिन सकेन । त्यसैले मध्यावधि निर्वाचनमा जानुको विकल्प छैन्,' उनले भने, 'जनताका बीचमा गएर निर्वाचित हुनु जत्तिको राम्रो विकल्प अरु केही हुन सक्दैन ।' उनले पार्टी अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा बनेको सरकारले गरेका राम्रा कामलाई लिएर नेकपा एमाले जनतमा जाने बताए ।

युवा संघ नेपाल गण्डकी प्रदेशका अध्यक्ष गुरुङले वर्तमान सरकारले मुलुक र जनताको हितमा काम गरेको दाबी गरे । उनले विधि र प्रक्रिया विपरीत विपक्षी गठबन्धनका गलत क्रियाकलापको भण्डाफोर गर्न युवाले गण्डकी प्रदेशको केन्द्र पोखरामा प्रर्दशन गरेको जानकारी दिए ।

**सटर भाडामा**



पोखराको उत्तमचोक, पृथ्वी राजमार्ग उत्तरतर्फ घरसहित चार वटा सटरहरु भाडामा ।

घर पछाडि पर्याप्त पार्किङ सुविधा भएको ।

सम्पर्क ९८४९९५११००

बाढी पहिरोको प्रकोप न्यूनीकरण गर्न जथाभावी ढुंगा, बालुवा निकाल्ने तथा खोलाको बहाव बदल्ने कार्य नगरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**NOVEL CORONA VIRUS (COVID-19)**
**सर्वसाधारणका लागि जनचेतनामूलक सन्देश**

नोभल कोरोना भाइरसका **मुख्य लक्षणहरू**

ज्वरो (१००.४° f भन्दा माथि)
श्वासप्रश्वासमा अत्याधिक समस्या
रूघा र खोकी

कोरोना प्रभावित देशहरूबाट आएका मानिसहरूमा यदि दुई हप्ता भित्र रूघा-खोकी लाग्ने, ज्वरो आउने, घाटी टाउको दुख्ने, श्वास-प्रवासमा अत्याधिक समस्या हुने जस्ता समस्याहरू देखिएमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा गई चेक जाँच गराऔं ।

नोभल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने ?

नियमित रूपमा साबून पानीले हात धूने
खोक्दा र हाछ्यूँ गर्दा नाक र मूख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu Like Symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने
जंगली तथा घरपालूवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने
पशूजन्य मासू तथा अन्डा राम्रोसँग पकाएर मात्र खाने

सार्वजनिक हितका लागि जारी सन्देश

एउटै पढे पुग्छ **समाधान** samadhannews.com राष्ट्रिय दैनिक

समाधान मिडिया प्रालिका लागि अध्यक्ष : उमानाथ बराल, प्रधान सम्पादक : रामकृष्ण ज्ञवाली, कार्यालयः नयाँबजार, पोखरा, फोन : ०६१-५८८९७७, ५७६६६८, Email: Ad: samadhanpkr@gmail.com | News: samadhandainik@gmail.com | www.samadhannews.com